नेपाली राजदूतावास
*Embassy of Nepal*
**Berlin, Germany**

## प्रेस विज्ञप्ति

नेपाल सरकार परराष्ट्र मन्त्रालयको निर्देशन बमोजिम नेपाली राजदूतावास बर्लिनमा एक समारोहबीच जर्मन सरकारद्वारा जारी बन्दाबन्दीको नियम पालना गर्दै राष्ट्रिय प्रजातन्त्र दिवस, २०७७ मनाइयो। उक्त अवसरमा महामहिम राजदूतले नेपालको राष्ट्रिय झण्डा फहराउनु भएको थियो।

नेपालको राष्ट्रिय गान गाएर शुरूवात गरिएको उक्त समारोहमा महामहिम राजदूतले नेपालको लोकतन्त्रका लागि अनेकौं संघर्षहरूमा आफ्नो जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात सहिदहरूप्रति श्रद्धा अर्पण गर्दै राष्ट्रिय प्रजातन्त्र दिवसको उपलक्ष्यमा शुभकामना व्यक्त गर्नुभयो। महामहिम राजदूतले नेपालको समन्यायिक आर्थिक सामाजिक रूपान्तरणमा वि. सं. २००७ सालमा राणा शासनको समाप्ती पछि स्थापित प्रजातन्त्रले नै वि.सं. २०४७ मा प्रजातन्त्रको स्थापना र २०६२/६३ पछि संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाको लागि जागरणको आधारशिलाको रूपमा काम गरेकोले प्रजातान्त्रिक तथा लोकतान्त्रिक आन्दोलनमा यस दिनको विशेष महत्व रहेको कुरा उल्लेख गर्नुभयो।

फागुन ६ र ७ गते राजदूतावास तथा राजदूत निवासमा दिपावली गरिएको थियो। फागुन ८ गते पनि दिपावली गर्ने कार्यक्रम रहेको छ।

नेपाली राजदूतावास
बर्लिन
७ फागुन २०७७

Guerickestrasse 27, 10587 Berlin, Germany, Tel: +49 (030) 34 35 99 -20, Fax: +49 (030) 34 35 99 -06
Email: berlin@nepalembassy.de, Web: https://de.nepalembassy.gov.np